# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष १, अङ्क ३, असार २०७७
www.ntv.org.np

**यस भित्र**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ। २०७७ साल असार महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको तेस्रो अंक हो ।


**यो अंकमा:**


- **कर्मचारी प्रशासनः** संस्था र कर्मचारीको वृत्ति विकासमा कर्मचारी प्रशासन
- **समाचारः** विपद् रोकथाम र व्यवस्थापनमा समाचारको साथ
- **समाचारः** प्रधानमन्त्रीको सम्वोधन प्राथमिकतामा
- **समाचारः** महामारी पछिको अवस्थाबारे मन्थन
- **कार्यक्रमः** कोरोना पछि पुरानै लयमा फर्कदै कार्यक्रम
- **एनटिभी प्लसः** विविधतायुक्त कार्यक्रम निर्माण र प्रसारण
- **एनटिभी इटहरीः** नियमित कार्यक्रमसंगै प्रत्यक्ष प्रसारण र वृतचित्र निर्माणमा निरन्तरता
- **एनटिभी कोहलपुरः** प्रादेशिक च्यानलको अवधारणामा अघि बढ्दै कोहलपुर प्रसारण
- **व्यापारः** सरकारी निकायसंगको व्यापार सहकार्यमा बढोत्तरी
- **व्यापारः** नेपाल टेलिभिजन र वाणिज्य बैंकबीच सम्झौता
- **व्यापारः** सहकार्यका लागि नार्कसंग सम्झौता
- **अपरेशन महाशाखाः** सबै पाँच च्यानलको कार्यक्रम उत्पादनमा सक्रियता
- **आर्थिक प्रशासन महाशाखाः** बार्षिक कार्यक्रम र तयारी बजेटको
- **इन्जिनियरिङ महाशाखाः** समाचार तथा कार्यक्रम निर्माणमा इन्जिनियरिङको संलग्नता
- **योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखाः** डिजिटल प्लेटफर्ममा जोड

## संस्था र कर्मचारीको वृत्ति विकासमा कर्मचारी प्रशासन

कोभिड-१९ को संक्रमणको त्रास र संभावित महामारीका बीचमा पनि नेपाल टेलिभिजनका पाँचवटै च्यानलहरु प्रभावकारी रुपमा निरन्तर सञ्चालनमा रहेको छ । कोरोनाभाइरसको संक्रमणको जोखिम कम गर्न र संस्थानका पत्रकार, सञ्चारकर्मी, प्राविधिक, कर्मचारी सबैको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै कोरोना महामारी एवं संक्रमणको रोकथामका लागि स्वास्थ्य समाग्री  तथा सरसफाईको ब्यवस्थालाई पनि निरन्तरता दिइएको छ ।

यसैगरी कर्मचारीहरुको सामूहिक आवधिक जीवन बीमा आ.व. ०७७/७८ को अवधिका लागि नविकरण गरिएको छ । विभिन्न जिल्लाहरुबाट त्यहाँका गतिविधीहरुलाई नेपाल टेलिभिजनका आमदर्शकहरुका लागि समाचार तयार गरी पठाउने जिल्ला स्थित स्थानीय सम्वाददाताहरुको करार नविकरण गर्ने काम सम्पन्न भएको छ । कोभिड-१९ महामारी र त्यसले निम्त्याएको असहज परिस्थितिमा पनि सबै जिल्ला संवाददाताहरुले संस्थानको उदेश्य अनुरुप सक्रिय भएर जिम्मेवारी निर्वाह गरेकोले यस पटक सबै जिल्ला संवाददाताहरुको करार एक बर्ष नविकरण गर्ने निर्णय भएबमोजिम सबै जिल्ला संवाददाताहरुको करार अवधि थप गरिएको हो । साथै संस्थानका स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन र सम्पत्ति विवरणको अभिलेख अध्यावधिक गर्ने प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण फाराम वितरण शुरु गरिएको छ ।



## विपद् रोकथाम र व्यवस्थापनमा समाचारको साथ

मनसुन सक्रिय भएसँगै देशका विभिन्न जिल्लाहरुमा प्राकृतिक प्रकोपका घटनाहरु बढेका छन् । नेपाल टेलिभिजनको समाचार च्यानल र यसका समाचार बुलेटिनहरुका साथै सबै च्यानलहरुमा देश र नागरिकहरुले भोग्नुपरेका त्यस्ता दुःखद घटनाहरुको प्रत्यक्ष एवम् स्थलगत समाचार संकलन तथा कार्यक्रम निर्माण गरी प्रसारण भएका छन् । विपदसँग सामना गर्न र जनधनको क्षति हुन नदिन सम्पूर्ण राज्य संयन्त्रहरु परिचालित भइरहेका छन् । यस्तोमा राष्ट्रिय प्रसारण संस्था र यसको समाचारको हिस्सा भएकोले समाचार च्यानलले सम्भावित जोखिम बारे पूर्व सूचनादिने र सावधानी अपनाउन प्रेरित गर्ने समाचारहरु, घटना भइसकेको अवस्थामा तत्काल उद्दार र राहत वितरणको अवस्था र पिडितहरुको पुनर्स्थापना र व्यवस्थापनमा सघाऊ पुऱ्याउने उद्धेश्य सहित समाचार र समाचारमुलक सामग्रीहरु प्रसारण गरिरहेको छ । यसक्रममा सरकार र सम्वन्धित निकायमा महत्वपूर्ण सूचना र जानकारी एवम् विपद्संग सम्वन्धित जनसरोकारका सबै विषयमा आधारित रहेर समाचार तथा समाचारम ुलक कार्यक्रम र अन्तर्वार्ताहरु प्रसारण भएका छन् । त्यसैगरी कोरोनाभाइरसको महामारी र त्यसको रोकथाममा भइरहेका प्रयास, प्रयत्न र प्राथमिकताका विषय पनि महिनैभरी समाचारका विषयवस्तु बनिरहे ।



## प्रधानमन्त्रीको सम्वोधन प्राथमिकतामा



पहाडी जिल्लाहरुमा पहिरो र तराईका जिल्लाहरुमा देखिएको बाढी र डुवानको समस्या समाधान गर्न र सबै मिलेर विपदको सामना गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले सबै देशव्यापीमा गर्नुभएको आग्रह सहितको सम्वोधन र त्यससम्वन्धी समाचार समाचार च्यानलबाट प्रसारण भयो । प्रधानमन्त्रीले विपद्को समयमा उद्धार कार्यमा जुट्न तीनै तहका सरकार, जनप्रतिनिधि र राजनीतिक कार्यकर्ताहरुलाई आह्वान गर्नुभएको छ । सम्बोधनका क्रममा प्रधानमन्त्री ओलीले देशमा कोरोनाभाइरसको महामारीको अवस्था र सरकारले चालेका कदमहरुको बारेमा गर्नभएको चर्चालाई प्राथमिकता सहित समाचार बनाएर प्रसारण गर्ने कामहरु भए । योसंगै नेपाल सरकार मन्त्रिपरिषद् बैठकका निर्णयहरुका बारेमा समेत आवश्यकता अनुसार प्रत्यक्ष र नियमित रुपमा समाचार बुलेटिनहरुमा समावेश गरी आमनेपालीहरुको जानकारीका लागि प्रसारण हुदै आइरहेको छ ।

## महामारी पछिको अवस्थाबारे मन्थन



कोभिड-१९ र त्यसले निम्त्याएको महामारीको संकट अझै टरिसकेको छैन् । कोरोनाभाइरसबाट संक्रमितहरुको संख्या अझैपनि बढिरहेकै अवस्थामा लकडाउनलाई केहि लचिलो बनाइएको छ । जनजीवन विस्तारै लयमा फर्कदै छ । यस्तोमा समाचार कक्षमा काम गर्नै सम्पादक, संवाददाता, क्यामरापर्शन लगायत सबै प्राविधिक जनशक्तिहरुको सुरक्षा कायमगर्दै कसरी समाचारलाई निरन्तरता दिने भन्ने विषयमा समाचार च्यानलको समन्वयमा र कार्यकारी अध्यक्ष, नायवमहाप्रवन्धक, सम्बन्धित महाशाखाका प्रमुखहरुको उपस्थितिमा छलफल आयोजना गरियो । देशकै अग्रणी र राष्ट्रिय प्रसारण संस्था भएका कारण नेपाल टेलिभिजन र यसको समाचार च्यानलको विशेष दायित्व रहेकोले स्वास्थ्य महामारीबाट जोगिंदै कसरी सुरक्षित रुपमा समाचारहरु प्रसारण गर्दै जाने भन्ने बारेमा त्यस अवसरमा छलफल भयो । त्यस अवसरमा महामारीसँगै मनसुनको समय भएकोले अन्य प्राकृतिक विपद्का घटनाहरु समेत भइरहेको र अझै हुन सक्नेतर्फ ध्यान दिई सरकार, सरोकारवाला निकाय र आमनागरिकलाई जागरुक, सुसूचित र सचेत बनाउने किसिमका समाचार र समाचारमूलक कार्यक्रमहरु निर्माण र प्रसारण गर्न अध्यक्ष डा. महेन्द्र विष्टले निर्देशन दिनुभयो । त्यसबखत संक्रमणको जोखिम कायमै रहेका समयमा समाचार संकलन र निर्माणमा खटिने संवाददाता, पत्रकारहरुको स्वास्थ्य सुरक्षालाई केन्द्रमा राखेर आवश्यक व्यवस्थापनको काम भइरहेको जानकारी गराइएको थियो ।

## कोरोनापछि पुरानै लयमा फर्कंदै कार्यक्रम

कोरोना भाइरस कोभिड–१९ को महामारीका बीच नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणले आफ्नो कार्य सञ्चालनलाई छिटो, छरितो, व्यवस्थित, जनमुखी र पारदर्शी बनाउनका लागि दैनिक कार्य सञ्चालनमा विशेष ध्यान दिएको छ । लकडाउनका कारण पूर्व महिनाहरुमा उत्पादन हुन नसकेका कार्यक्रमहरुको निर्माण एवम् उत्पादन यो महिनामा सम्पन्न भएका छन् । विशेषगरी नेपाल पर्यटन बोर्डसँग सम्झौता भए बमोजिमका सात वटा वृत्तचित्र, चार वटा ट्राभल लग र पाँच वटा संवाद कार्यक्रम (TALK SHOW) हरु सम्पन्न भएका छन् । कोरोनाको प्रभावका बीच यी कार्यक्रमहरु उत्पादन तथा प्रसारण हुनु चूनौतिपूर्ण हुँदाहुँदै पनि सम्पन्न हुनु आफैंमा महत्वपूर्ण छ ।







यसैगरी अन्य नियमित कार्यक्रमहरु संघर्ष, रोजगारी हाम्रो सरोकार, परीक्षा सवाल, कोरोना केयर, कोभिड हटलाइन, संवाहक, डिजिटल नेपाल, कानूनका कुरा, शिक्षाको चौतारी, सुशासन सवाल, सुरक्षित नेपाल, संसद फोकस, समृद्ध नेपाल, विशेष परिसंवाद, दैनिक कृषि कार्यक्रमहरु लगायत विभिन्न कार्यक्रमहरु यो महिना उत्पादन तथा प्रसारण भएका छन् ।








यसका साथै कोरोना भाइरसबारे जनचेतामूलक सन्देशहरु निर्माण, वृत्तचित्र उत्पादन जस्ता महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । प्रधानमन्त्रीको विशेष सम्बोधन, संसदमा हुने गरेका विशेष बैठक, मन्त्रिपरिषद् बैठकको निर्णय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित प्रेस ब्रिफिङ लगायत विभिन्न महत्वपूर्ण घटनाक्रमहरुको प्रत्यक्ष प्रसारण पनि टेलिभिजनले गर्दै आएको छ । यसैगरी टेलिभिजनको पुराना सदावहार टेलिचलचित्रहरुको पुनः प्रसारणले पनि निरन्तरता पायो । महजोडीको हास्यश्रृंखला १५ गते, मुक्ति लगायतका टेलिश्रृंखलाहरु पुनः प्रसारण भएका छन् ।

## विविधतायुक्त कार्यक्रम निर्माण र प्रसारण

नेपाल टेलिभिजनको दोस्रो च्यानल एनटिभी प्लसबाट जेठ महिनामा आन्तरिक रुपमा उत्पादन गरिएका विविध विषयसँग सम्वन्धित कार्यक्रमहरु प्रसारण भए । आम कृषकहरुको चासो र सरोकार सम्वोधन गर्ने कार्यक्रम कृषि अनुसन्धान देखि कोरोनाको बढ्दो संक्रमणको त्रास र लकडाउनका कारण विद्यालय बन्द गरिए पछि कक्षाकोठाको पढाइबाट वञ्चित भएका विद्यार्थी र बालबालिकाहरुलाई लक्षित गरी कार्यक्रमहरु प्रसारण गरिएको छ । जेठ महिनाको अवधिमा एनटिभी प्लस च्यानलबाट कृषि अनुसन्धान र प्रविधिसँग सम्वन्धित कार्यक्रम एउटा, स्काउट म नेपाली कार्यक्रम तीन वटा र कार्यक्रम **TRAILBLAZER** का तीनवटा शृङ्खलाहरु प्रसारण भए । यसैगरी गीत-संगीत र मनोरञ्जनसँग सम्बन्धित कार्यक्रम **Jankar Live Show** को तीस वटा शृङ्खलाहरु पनि यस अवधिका प्रसारण भएका छन् । साहित्यिक कार्यक्रम अन्तर्ध्वनिको ४ वटा शृङ्खलासंगै दर्शकहरुको माग अनुसार पुरानो टेलिश्रृंखलाको प्रसारण अन्तगत हरेक आइतबार बेलुकी ९ बजे **पिंजडा** टेलिश्रृंखलाको प्रसारण भइरहेको छ भने दर्शकहरुले निकै रुचाएको **अविरल बग्दछ ईन्द्रावती** टेलिश्रृंखलाको प्रविधि रुपान्तरणको काम सकेर हरेक शुक्रबार बेलुकी ९ बजे प्रसारण गर्ने गरी तयारी पुरा गरिएको छ ।



## नियमित कार्यक्रमसँगै प्रत्यक्ष प्रसारण र वृतचित्र निर्माणमा निरन्तरता




एनटिभी इटहरीले राष्ट्रिय महत्व सहितका विषयमा प्रदेश १ र प्रदेश २ को सरोकारलाई समेट्दै नियमित कार्यक्रमहरु उत्पादन गरी प्रसारण गर्दै आइरहेको छ भने विविध सन्दर्भहरुमा प्रत्यक्ष प्रसारण र वृतचित्र लगायतको निर्माणमा निरन्तरता दिइरहेको छ । जेठ महिनामा प्रदेश १ र प्रदेश २ प्रदेश सभामा प्रस्तुत भएको बजेटको विराटनगर र जनकपुरबाट प्रत्यक्ष प्रसारण गरिएको थियो । यसैगरी इटहरी उपमहानगरपालिकाको बजेट सार्वजनिकीकरण कार्यक्रमको पनि इटहरीबाट प्रत्यक्ष प्रसारण गरियो । प्रदेश १ सरकारले COVID-19 प्रतिवेदन सार्वजनिक गर्न आयोजित समारोहको विराटनगरबाट प्रत्यक्ष प्रसारण भयो । यसैगरी प्रतिनिधि सभामा संविधान संशोधनको प्रत्यक्ष प्रसारण, स्वास्थ्य मन्त्रालय, काठमाडौबाट रोटा भाइरस खोप शुभारम्भ सम्बन्धी कार्यक्रमको प्रत्यक्ष प्रसारणका साथै स्वास्थ्य मन्त्रालयको (COVID-19) बारेको दैनिक मिडिया ब्रिफिङको प्रत्यक्ष प्रसारण गरिएको थियो । दर्शकहरुलाई देशको पूर्वमा रहेका विभिन्न धार्मिक एवम् पर्यटकीय गन्तव्य स्थलहरुको बारेमा जानकारी गराउने, साथै १ र २ नम्बर प्रदेश सरकारहरुले गरिरहेका गतिविधीका बारेमा जानकारी प्रवाह गर्ने उद्देश्यले ती विषय समेटिएका वृतचित्रहरुको आन्तरिक र बाह्यरुपमा



निर्माण गरी प्रसारण गरिएको छ । पिण्डेश्वर धाम, चुरे संरक्षण, सहकारी, बुढीगंगा गाउँपालिका एवम् प्रदेश १ सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयका लागि ५ वटा वृत्तचित्रको निर्माण र प्रसारण भयो । यसका अलावा एनटिभी इटहरी समाचार, डायल इटहरी, पत्रपत्रिकाहरुको दैनिक प्रस्तुती लगायत नियमित कार्यक्रमहरुको निर्माण र प्रासारणले निरन्तरता पाइरहेको छ ।

## प्रादेशिक च्यानलको अवधारणामा अघि बढ्दै कोहलपुर प्रसारण



स्थानीय स्तरमै कार्यक्रम उत्पादन गर्ने र त्यहीँबाटै प्रसारण गर्ने उद्देश्यले क्षेत्रीय अवधारणा अनुरुप वि.सं. २०५३ सालमा स्थापना भएको कोहलपुर च्यानलले प्रादेशिक च्यानलको अवधारण अनुरुप सञ्चालन शुरु गरेको छ । संघीय संरचनाको मर्म अनुसार च्यानललाई पुनर्संरचना गरी साउन १ गतेदेखि एनटिभी कोहलपुरको नामबाट प्रादेशिक च्यानलका रुपमा रुपान्तरण गरिएको छ । यसै सिलसिलामा साउन १ गतेदेखि एनटिभी कोहलपुरबाट दिउँसो ३ र ५ तथा साँझ ७ बजे गरी दैनिक ३ वटा समाचार बुलेटिनहरु पनि प्रसारण भएका छन् भने हरेक दिन बिहान ६ बजेदेखि ९ बजे सम्म बिहानी शो मोर्निङ मिक्स प्रसारण भएको छ ।

नियमित समाचार र नयाँ कार्यक्रमहरुका लागि समाचार कक्षको स्थापना, समाचारका लागि भर्च्युअल सेट, मर्निङ शोको सेट निर्माण गरिएको छ । यसैगरी समाचारमूलक कार्यक्रम, त्यस क्षेत्रका विभिन्न भाषाभाषीका कार्यक्रमदेखि स्वास्थ्य, शिक्षा, कृषि, उद्यम, बाल कार्यक्रम र मनोरञ्जनात्मक कार्यक्रमहरु क्रमशः शुरु गर्दै जाने लक्ष्य अनुरुप तयारी भइरहेको छ ।



दुई वटा प्रादेशिक च्यानलहरु एनटिभी कोहलपुर र एनटिभी इटहरीलाई पूर्ण क्षमतामा संचालन गर्ने नेपाल टेलिभिजनको नीति अनुसार नै कार्यक्रमहरु अघि बढाइएको छ । चालु आर्थिक वर्ष २०७७/७८ मा कार्यक्रम उत्पादन स्टुडियो सहित कम्तिमा चार वटा प्रादेशिक राजधानीहरुमा समाचार व्यूरो निर्माण गर्ने लक्ष्य सहित नेपाल टेलिभिजनले बजेटको व्यवस्था गरे अनुरुप बुटवल र सुर्खेतमा उत्पादन स्टुडियो निर्माण, Mobile Apps, You Tube, Face book लगायतका डिजिटल प्लेटफर्म मार्फत पनि एनटिभी कोहलपुर हेर्न सकिने गरी तयारी भइरहेको छ । विश्वब्यापी महामारीको रुपमा रहेको कोभिड–१९ को असरको सामना गर्दै च्यानलको प्रसारणलाई गुणस्तरीय बनाउने, संस्थागत सुशासन कायम राख्नको लागि आन्तरिक नियन्त्रण कार्यविधि निर्माणको काम अघि बढेको छ ।

## व्यापारमा बढोत्तरी



विभिन्न सरकारी निकायहरुसँगको सहकार्य र नीजि विज्ञापन एजेन्सीहरुको साथले नेपाल टेलिभिजन संस्थानले अघिल्लो आ.व.को तुलनामा १३% ले व्यापार वृद्धि भएको छ । विश्वव्यापी कोभिड-१९ महामारीको अवस्थामा विश्वव्यापी रुपमै अर्थतन्त्र संकुचन भईरहेको अवस्था र नेपालका समग्र मिडियाको घट्दो विज्ञापन व्यापारको अवस्थामा पनि नेपाल टेलिभिजनको व्यापार अवस्थालाई हेर्दा यो वृध्दिलाई उत्साहजनक मान्न सकिन्छ । गत दुई आ.व. मा सरकारी तर्फको व्यपारिक सहकार्यमा पनि वृध्दि भएको छ । गत आर्थिक बर्षमा बिज्ञापन एजेन्सीतर्फ भन्दा सरकारी तर्फको व्यापार वृध्दिदर बढी भएकोले सरकारी तर्फको आम्दानीले गर्दा संस्थानको नगद प्राप्ति लक्ष्य हासिल हुन सफल भएको थियो । गत आ.व. २०७६/०७७ मा सरकारी तर्फको वृध्दिदर र एजेन्सी तर्फको वृध्दिदर दुबै बढी भएको छ । आ.व. २०७६/०७७ मा नेपाल स्टार गायन शो र सक्किगोनी दुईवटा ठूला कार्यक्रम शुरु भएका छन् । जुन व्यापारिक हिसावले सफल कार्यक्रमहरु हुन् । यी मध्ये नेपाल स्टार नेपाल टेलिभिजनको आफ्नै उत्पादनको कार्यक्रम हो । व्यापारिक र सार्वजनिक महत्व दुबैतर्फका दर्शकले रुचाएका र जनउपयोगी नयाँ कार्यक्रमहरु थप गरेको नेपाल टेलिभिजनले आफ्नो ब्यापारिक लक्ष्य प्राप्तिमा पनि फड्को मार्दै अघि बढिरहेको छ ।

**व्यापारतर्फका अन्य उपलब्धीहरु यसप्रकार छन्**

१. कोभिड १९ र लकडाउनको कठिन परिस्थितीमा आ.व २०७७।७८ मा व्यापार सुरक्षित गर्न संचालक समितिको निर्णय अनुसार मिति २०७७ आषाढ २१ गतेसम्म विभिन्न एजेन्सी तथा संस्थाहरुसँग सहकार्य निरन्तरताका लागि सम्झौता सम्पन्न गरी व्यापार सुरक्षित गरिएको छ ।

२. **सरकारी निकायहरुसंग सहकार्यः** नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणतर्फ राष्ट्रिय बाणिज्य बैंकको विज्ञापन प्रसारणका लागि १ वर्षको सम्झौता सम्पन्न । एन.टि.भि प्लसतर्फ कृषि अनुसन्धान परिषद बीच आ.व २०७७।७८ का लागि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न भएको छ । समाचार च्यानलतर्फ राष्ट्रिय कृषि अनुसन्धान परिषदसँग ***कृषि सल्लाह*** समाचार बुलेटिन उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न भएको छ ।

- नेपाल टेलिकमसँग covid-19 press briefings कार्यक्रम सहकार्य थप ६० दिनसम्म निरन्तरता दिइएको छ ।

- दुग्ध विकास संस्थानको ५२ औं वार्षिकोत्सवको अवसरमा विशेष कार्यक्रम १ भाग कार्यक्रम उत्पादन तथा प्रसारण सहकार्य सम्पन्न भएको छ ।
- Winrock international/USAID (KISAN II) सँग राष्ट्रिय धान दिवसका अवसरमा विशेष १ भाग कार्यक्रम उत्पादन सहकार्य भएको छ ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको २ भाग कार्यक्रम उत्पादन तथा प्रसारण सहकार्य ।
- विमा समिति र विमा कम्पनीसँग विमा सचेतना सम्बन्धी PSA प्रसारणका सहकार्य भएको छ ।

३. आ.व २०७६।७७ का लागि संस्थानको बार्षिक लक्षित कूल आम्दानीको तुलनामा बार्षिक वास्तविक कूल आम्दानी ५.९ प्रतिशतले वृध्दि भएको छ । समाचार च्यानल कोहलपुर च्यानलको लक्षित आम्दानीको तुलनामा वास्तविक आम्दानी उल्लेख्य प्रतिशतले वृध्दि भएको छ ।




४. सरकारी निकायहरुको सहकार्यमा वृध्दि भएको छ । सम्झौता रकममा १९ प्रतिशतले वृद्धि भएको छ ।

२०७७ असार मसान्तसम्मको तथ्याङ्क विश्लेषण गर्दा यस वर्ष समग्ररुपमा संस्थानको व्यापार उत्साहजनक रह्यो भने सरकारी निकायसँगको व्यापार पनि सन्तोषजनक रह्यो ।

## सबै पाँच च्यानलको कार्यक्रम उत्पादनमा सक्रियता




अपरेशन महाशाखा अन्तर्गत छायाङ्कन तथा ध्वनि शाखा र दृश्य सम्पादन शाखाका कर्मचारीहरुको संलग्नतामा असार महिनामा नियमित समाचार तथा समाचारमूलक र अन्य विभिन्न विषयगत कार्यक्रमको छायाङ्कन, दृश्य सम्पादन र डबिङ्गका कामहरु सम्पन्न भए । यो अवधिमा कोभिड-१९ र यसको संक्रमण रोकथामसँग सम्वन्धी नेपाल सरकारले गरेका विभिन्न कार्यक्रमहरुका साथै नेपाल टेलिभिजनका च्यानहरुबाट प्रसारण भएका सबै किसिमका कार्यक्रमहरुको उत्पादन तथा प्रत्यक्ष प्रसारण भएका छन् । यसमा विशेषतः दैनिक रुपमा कोभिड हटलाइनको प्रत्यक्ष प्रसारण, कोभिड-१९ सम्वन्धमा स्वास्थ्य मन्त्रालयले गरिरहेको दैनिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारण र साप्ताहिक कोरोना केयर कार्यक्रमको उत्पादन भएका छन् । सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीबाट जननेता मदन भण्डारीको जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेशनद्वारा आयोजित कार्यक्रममा भएको विशेष सम्बोधन, रोटा भाइरसको खोप शुभारम्भ कार्यक्रम र सरकारका प्रवक्ताबाट नियमित रुपमा हुने गरेको मन्त्रीपरिषद्को निर्णय सार्वजनिक गर्ने कार्यक्रमको प्रत्यक्ष प्रसारण लगायतका विशेष कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण सम्पन्न भएका छन् । यसैगरी महाशाखाका क्यामेराम्यानहरुको सहभागितामा एनटीभी इटहरी च्यानलको उत्पादन स्टुडियोमा लाइट जडान सम्पन्न गरी उत्पादन योग्य बनाइएको छ । त्यस्तै कार्यकारी ध्वनि नियन्त्रक सहितको प्राविधिक टोलीको प्राविधिक व्यवस्थापनमा एनटीभी कोहलपुर च्यानलले यही श्रावण १ गतेदेखि शुरु गर्न लागेको समाचार, मर्निङ्ग शो लगायतका कार्यक्रमहरु उत्पादनका लागि आवश्यक कामहरु सम्पन्न भएका छन् ।



## बार्षिक कार्यक्रम र बजेट स्वीकृत


आर्थिक प्रशासन महाशाखा अन्तर्गत २०७७ असार महिनामा संस्थानको बार्षिक कार्यक्रम तथा बजेट तयारी, लेखापरीक्षण, बील भुक्तानी एवम् बाँकी वक्यौता असुली, लगायत बैकिंङ र आयलेखासँग समुवन्धित विभिन्न कामहरु सम्पन्न भएका छन् । आ.व. २०७७-७८ का लागि कूल १ अर्व २२ करोड २४ लाख ६० हजार ११६ रुपैंया ४६ पैसाको आय व्यय विवरण सहितको बार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिकालागि सञ्चालक समितिमा पेश गरिएकोमा आन्तरिक खर्च नियन्त्रण कार्यविधि एवं कार्य योजना बनाई मितव्ययीता र प्रभावकारी रुपमा बजेट कार्यान्वयन गर्न निर्देशन सहित आय-व्यय विवरण सहितको आ.व २०७७-७८ को बार्षिक कार्यक्रमतथा बजेट स्वीकृत भएको छ । आ.व. २०७६-७७ को एल.सी लगायत अन्य खर्चको भुक्तानीका साथै खर्च लेखाङ्कन गरिएको छ । आ.व. २०७५-७६ को अन्तिम  लेखा परिक्षणका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट व्यवस्थापनपत्र र प्रतिवेदन प्राप्त भएको छ । कोभिड-१९ को महामारीका कारण २०७६ चैत्र ११ गतेदेखि रोक्का गरिएको सम्झौता अनुसार सरकारी निकाय, संघ संस्था तथा एजेन्सीहरुको बिल गरी असार मसान्तभित्र भुक्तानी लिने कार्य गरिएको छ । भुक्तानीका क्रममा एजेन्सीहरुबाट प्राप्त बैक ग्यारेण्टीहरुको नियमानुसार नविकरण र भेरिफिकेसन गर्ने कार्य भएको छ । साथै, आ.व. २०७७-७८ का लागि कार्यक्रम निरन्तरता भएका एजेन्सीहरुको धरौटी अद्यावधिक गरी नियमानुसार धरौटी लिने कार्य पनि सम्पन्न भएको छ । यसबीचमा सञ्चालक समितिको निर्णयानुसार नेपाल टेलिभिजनको प्रविधि रुपान्तरण कार्यक्रम अन्तरगत HD रुपान्तरणको कार्यमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन रकम भुक्तानी गरिएको छ । यसका अलावा सम्झौता अनुसार FCT विज्ञापनहरुको २०७७ जेठ महिनासम्म प्राप्त हुनआएका विवरणहरुको आधारमा बैकिङ्ग हिसाव अध्यावधिक गरिनुका साथै  लेखाशाखा र आयलेखा शाखाबाट हुने नियमित कामहरुलाई निरन्तरता दिइदै आइएको छ ।

## प्रविधि विस्तार र प्रभावकारिता बृद्धि

नेपाल टेलिभिजनका सबै च्यानलहरूको प्रसारणलाई अविच्छिन्न राख्न इन्जिनियरिङ महाशाखा अन्तरगत नियमित कामहरु भइरहेका छन् । तीनका अलावा समय र सन्दर्भ अनुसार निर्माण र उत्पादन भइरहेका अन्य समाचार तथा कार्यक्रमहरुमा पनि यस महाशाखाको संलग्नता रहदै आएको छ । यसबीचमा कोभिड-१९ को बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हुदै आएको दैनिक प्रेस ब्रिफिङको प्रत्यक्ष प्रसारण गरिएको छ । यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न प्रत्येक हप्ताको बिहीबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरकार प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि र अर्थमन्त्री डा युवराज खतिवडाबाट हुने पत्रकार सम्मेलनको प्रत्यक्ष प्रसारण हुदै आएको छ ।

यसका साथै नेपाल टेलिभिजनको भू-सतहीय प्रसारण क्षेत्र र गुणस्तर विस्तार गर्नका लागि डिजिटल ट्रान्समिटरहरु थप जडान गर्न स्थानीय रुपमा प्राविधिक परीक्षणको कार्य भइरहेको छ । नेपाल टेलिभिजन कोहलपुर च्यानलमा यहि साउन १ गतेदेखि समाचार प्रसारण गर्नका लागि समाचार स्टुडियो तयार गर्ने कार्य सम्पन्न गर्न स्टुडियो प्रमुख सहितको टोली त्यहाँ गई आवश्यक कामहरु सम्पन्न गरेको छ ।

## डिजिटल प्लेटफर्ममा जोड



नेपाल टेलिभिजनका सबै पाँचवटै च्यानलहरुको प्रसारणलाई डिजिटल प्लेटफर्म मार्फत पनि प्रसारण गर्ने र दर्शकहरुलाई Website बाट पनि समाचार र समाचारमूलक सामग्रीहरुबारे जानकारी गराउने उदेश्य सहित संस्थानले Website, Mobile App, YouTube Channel लगायत सञ्चालनमा ल्याइसकेको छ। ती डिजिटल प्लेटफर्महरुमा पनि नेपाल टेलिभिजनका प्रसारणहरुको पहुँच विस्तार गर्ने र विषयकृत हुदै गुणस्तर अभिबृद्धी गर्ने लक्ष्यका साथ राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट corporate.ntv.org.np र live.ntv.org.np दुईवटा छुटाछुट्टै अनलाइन न्यूज र कर्पोरेट Sub-domain तयारी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी महाशाखा अन्तर्गतको नियमित कामका क्रममा आ.व २०७७/७८ को वार्षिक कार्ययोजना तथा आ.व २०७७/७८ को चौमासिक रुपमा हुने खर्च विवरण तयार गरिएको छ भने गत आ.व २०७६/७७ को वार्षिक प्रगति विवरणसमेत तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइएको छ ।